**Article DOI: https://doi.org/10.3126/jeri.v5i1.88590**

**Journal of Educational Research and Innovation**
A Multidisciplinary Bilingual Journal
ISSN 2631-2336; Volume 5, Issue 1, December 2025, pp. 153-163
Indexed in Nepal Journals Online (NepJOL) JOL

# खण्डकाव्यको सैद्धान्तिक स्वरुप र यसको विश्लेषण

**सर्पराज रोकाय**
उपप्राध्यापक
मध्यपश्चिम विश्वविद्यालय
भेरी बहुमुखी क्याम्पस गुमी, सुर्खेत
rokayas1234@gmail.com

**लेखसार**

प्रस्तुत अनुसन्धानात्मक लेखमा खण्डकाव्यको सैद्धान्तिक स्वरुप र यसको विश्लेषणमा केन्द्रित छ । खण्डकाव्यको सैद्धान्तिक स्वरुपलाई केलाउनु यसको मूल उद्देश्य रहेको छ । खण्डकाव्यका तत्व, परिभाषा, व्युत्पादनका आधारलाई विभिन्न कोणबाट विश्लेषण गरिएको छ । यो लेख गुणात्मक अध्ययनमा आधारित रहेको छ । पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएका सामग्रीको अध्ययन विश्लेषण गरिएको यस अध्ययनमा खण्डकाव्यको सैद्धान्तिक स्वरुपको विश्लेषणलाई मूल आधार बनाएको छ । खण्डकाव्यको आकारगत विश्लेषणका आधारमा लघुतम रुप, लघु रुप मझौला रुप र बृहत रुपमा विश्लेषण गरिएको छ । खण्डकाव्यको स्वरुपको अध्ययनका क्रममा यो नेपाली साहित्यका क्षेत्रमा सशक्त रहेको छ । खण्डकाव्यको स्वरुप निर्माण हुनका लागि कथावस्तु, पात्र, रस, देश, काल, तथा वातावरण, उद्देश्य, भाषा शैली, कथनपद्धति भाव र विचार र लय तत्वहरुको भूमिका महत्वपूर्ण रहेको छ । खण्ड र काव्य मिलेर खण्डकाव्यको निर्माण भएको छ । खण्ड भन्नाले कुनै अंश, भाग, टुक्रा हो भने काव्य भनेको कवित वा काव्यरचना हो । जसको अर्थ कुनै सिङ्गोवस्तुको भाग, टुक्र, वा अंश भन्ने बुझिन्छ । समग्र रुपमा यस अध्ययनमा खण्डकाव्यको सैद्धान्तिक स्वरुप कस्तो रहेको छ भन्ने निष्कर्ष निकालिएको छ । यस प्रकारको अध्ययनले खण्डकाव्यका अध्येता तथा खण्डकाव्यमा अभिरुचि राख्ने व्यक्तिहरु लाभान्वित हुने देखिन्छ ।

**Article Info.**

**Article History**
Received: 31 October 2025
Revised: 3 December 2025
Accepted: 12 December 2025

**Copyright Information**
Copyright 2025 © The author(s).

**Publisher**

Graduate School of Education
Mid-West University
Birendranagar, Surkhet
www.mwu.edu.np

**शब्दकुञ्जि** : पृथक, खण्डकाव्य, मक्तौला रुप, परिस्थिति, शैली ।

## परिचय

खण्डकाव्य नेपाली साहित्यको एक महत्वपूर्ण काव्य विधा हो । यसमा मानव जीवन, समाज, प्रेम, पीडा, आदर्श मध्ये कुनै एक अंशलाई काव्यात्मक रुपमा प्रस्तुत गरिन्छ । खण्डकाव्य महाकाव्यभन्दा सानो भए तापनि भाव, उद्देश्य र कलात्मक हिसावमा गहिरो हुन्छ । यसमा सीमित पात्र हुन्छन र घटनाक्रम पनि त्यति फैलिएको हुदैन । यसमा वर्ण, संवाद र भावनात्मक अभिव्यक्तिहरुलाई पनि सन्तुलित रुपमा मिलाइएको हुन्छ । यसमा सरल, भावपूर्ण र कलात्मक शैलीको हुन्छ । प्रस्तुत अनुसन्धानात्मक लेखमा खण्डकाव्यको सैद्धान्तिक स्वरुपलाई कविताको मझौला विधाका रुपमा लिइएको छ । कविता भन्दा ठुलो र महाकाव्यभन्दा सानो एउटा घटनालाई समावेश गरेर पाठक समक्ष प्रस्तुत गरिएको भावपूर्ण विधा हो खण्डकाव्यको वर्णनको जुन लक्ष्य बनाएको हुन्छ त्यसको लक्ष्य पूर्ण हुनपर्दछ । त्यसमा उल्लेख गरिएको दृश्य देशकाल अनुसार हुनुपर्दछ । खण्डकाव्यमा उल्लेख गरिएका कथावस्तु काल्पनिक छोटो र छरितो हुनुका साथै त्यसमा उप कथाको आवश्यक पर्दैन् । एउटा खण्डकाव्यमा सात वा सातभन्दा बढी सर्ग हुनहुदैन् । कुनै एक रस प्रधान हुनपुर्दछ अरु रस प्रधान रसको भागस्वरुप आएका हुन्छन् । यसले पूर्ण रुपमा यादृच्छिक नभएर आदि, मध्य र अन्त्य भागका अधारमा पूर्णता प्राप्त गर्दछ । यो प्रबन्ध काव्यको एक भेद हो जहा वस्तु विन्यास, क्रमिक विकासको आवश्यक छ । यसमा नायक वा समाजको जीवनको कुनै एक घटनासग सम्बन्ध नै कथानक हो । यसमा सर्गको अनिवार्यता छैन । यो कुनै एउटा उद्देश्यमा केन्द्रित भएको हुन्छ । यसमा सीमित पात्रको प्रयोग गरिएको हुन्छ । यसको कथावस्तु वा घटना छोटो हुनुको प्रमुख कारण यसमा वर्णनात्मकताको समावेश गरिएको हुन्छ ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धनात्मक लेखलाई अध्ययन तथा विश्लेषणात्मक रुपमा प्रस्तुत गर्दै यससँग सम्बन्धित अन्य अनुसन्धान मूलक लेखलाई द्वितीय स्रोत सामग्रीका रुपमा प्रयोग गरिएको छ । नेपाली साहित्य विधाको रुपमा आएको खण्डकाव्यको स्वरुपलाई प्रथम सामग्रीका र त्यससँग सम्बन्धित पुस्तक वा लेख आदिलाई द्वितीय सामग्री स्रोतका रुपमा लिइएको छ । यसमा पस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरी गुणात्मक विधिलाई अवलम्बन गरिएको छ । यस अध्ययनमा खण्डकाव्यको सैद्धान्तिक स्वरुपको पहिचान गरी वर्णनात्मक तथा विश्लेषणात्मक विधिको उपयोग गरी अध्ययन गरिएको छ । यस अनुसन्धानात्मक लेखका लागि मूलत : पुस्तकालयीय अध्ययन पद्धतिको प्रयोग गरिएको छ । अनुसन्धान लेखका शीर्षक उपशीर्षकलाई आवश्यक पर्ने उपयुक्त सामग्रीलाई विभिन्न पुस्तक, पत्र, लेखरचनाबाट सङ्कलन गरी आवश्यकता अनुसार तिनको व्याख्या र विश्लेषण गरिएको छ ।

## खण्डकाव्यको आकारगत विश्लेषण

### लघुतम रूप/मुक्तक

सीमित आकार वा छोटो परिचयमा रचना गरिएको एउटा मुख्य कथावस्तु हो । यसमा एउटै भावलाई केन्द्रमा राखेर काव्यात्मक रुपमा रचना गरिएको हुन्छ । यो एउटा महाकाव्यको छोटो रुप हो । साधारण कविता वा गीतभन्दा विस्तृत रुपमा उल्लेखित हुन्छ । यसमा भाव, कथानक र काव्यात्मकता स्पष्ट हुन्छ । एउटै सीमित क्यानभासमा पूर्ण कथ्य प्रस्तुत गर्ने काव्य नै खण्डकाव्यको लघुतम रुप हो । यो बद्ध वा मुक्त

लयात्मक अभिव्यक्तिको दीपित ढाँचा (दुई चरण/दुई हरफ) लयात्मक कविताको श्लोगात्मक वा अनुच्छेदात्मक सबैभन्दा सङ्क्षिप्त संरचना हो (त्रिपाठी तथा अन्य, २०४८, पृ. २९०) ।

**लघु रूप**

सीमित विषय, थोरै पात्र र छोटो आकारमा भावना, विचार वा घटनालाई लयात्मक रुपमा प्रस्तुत गरिएको कविता नै खण्डकाव्यको लघु रुप हो । महाकाव्यभन्दा छोटो तर साधारण कविताभन्दा विस्तृत, सीमित घटना, पात्र र भावलाई केन्द्रमा राखी लयात्मक तथा कलात्मक रुपमा रचित काव्यलाई खण्डकाव्य भनिन्छ । कविताको लघु रूप हुनका निम्ति दुई श्लोक वा अनुच्छेदको संरचना अपेक्षित हुन्छ भने यसमा निकै श्लोक वा अनुच्छेद पनि आउन सक्दछन् (त्रिपाठी तथा अन्य, २०४८, पृ. २९१) ।

**मझौला रूप**

खण्डकाव्यको मझौला रुप भनेको लघुकाव्य र महाकाव्यबीचको आकार भएको काव्य हो । यसमा कथावस्तु, पात्र र भाव विस्तार लघुकाव्यभन्दा विस्तृत र महाकाव्यभन्दा सानो हुन्छ । यसमा प्रमुख घटनालाई केन्द्रमा राखेर भावविस्तार र सौन्द्रयलाई मिलाएको हुन्छ । यसमा उपस्थित भएका पात्रहरु सीमित तर प्रभावशाली हुन्छन् । यसको भाव र विचार सन्तुलित रुपमा गरिएको हुन्छ । यो फुटकर कविता र महाकाव्य बीचको रूप भएकाले यसलाई मझौला रूप भनिएको हो । यसमा जीवनको एक खण्ड वा एक पक्षको चित्रण गरिएको हुन्छ । यसमा एउटै चित्र, एउटै प्रभाव र एउटै रसको अभिव्यक्ति हुन्छ । फुटकर कविताले आफ्नो आकार बढाएपछि खण्डकाव्यको रूप बन्दछ । फुटकर कविताभन्दा ठूलो हुनाले कविताको अनुभूतिलाई ठोस रूप प्रदान गर्न र रचनाका सन्दर्भमा घटना, पात्र र निश्चित परिवेशलाई समेटिएको हुन्छ (भट्टराई, २०६८, पृ. ११) । कुनै गाथा गीतका रूपमा प्रकट हुन्छ र लगातार कविताको मझौलारूपको जन्म हुन्छ । कविता विधाको लघु रूप मानिने फुटकर कविता र बृहत्रूप मानिने महाकाव्यको बीचमा रहने मध्यवर्ती कविताको रूप खण्डकाव्य हो (त्रिपाठी, २०५४, पृ. ५२) ।

**बृहत् तथा बृहत्तर रूप**

खण्डकाव्यभन्दा विषय, आकार, पात्र, घटना र भावका दृष्टिले धेरै विस्तृत र गहिरो काव्य महाकाव्य हो । यसमा सम्पूर्ण जीवनदृष्टि, कथावस्तु, नायक नायिकको चरिविकास, विविध प्रसङग र गम्भीर दर्शनलाई समावेश गरिएको हुन्छ । यसमा धेरै सर्गहरु समावेश गरिएका हुन्छन् । वीर, श्रृङ्गार, करुण आदि रसहरुको बाहुल्यता हुन्छ । यसमा विविध प्रकृति, समाज, धर्म र दर्शन समावेश गरिएको हुन्छ । यसले उच्च कोटिको भाषा र शैली बोकेको हुन्छ । यो एउटा महाकाव्यको वृहत्तर रुप हो । यसका ललित महाकाव्य र विकासशील महाकाव्य (आर्ष महाकाव्य) जस्ता मुख्य भेद पाइन्छन् जसलाई कविताको बृहत र बृहत्तर रूप भनिन्छ । यी महाकाव्यमा जीवनको समग्रताको सङ्कथन गरिने भएकाले आख्यानको उपयोग अपेक्षित नै रहने गर्दछ । (त्रिपाठी, २०४८, पृ. २९५)

**खण्डकाव्यको व्युत्पत्ति र अर्थ**

खण्डकाव्य तत्सम व्युत्पन्न नामशब्द हो । यसमा खण्ड र काव्य गरी दुइवटा शब्द मिलेर बनेको छ । जसमा खण्ड भन्नाले अंश, भाग, टुक्रा हो भने काव्य भन्नाले कविता, काव्य रचना हो । यी दुबै मिलेर खण्डकाव्यको रचना भएको छ । यो कुनै काव्यको एक अंशजस्तै सीमित विषयवस्तुमा आधारित काव्यलाई खण्डकाव्य भनिन्छ । नेपाली बृहत शब्दकोशले खण्डकाव्य शब्दको अर्थ यसरी प्रस्तुत गरेको छ । खण्ड कुनै

सिङ्गोवस्तुको भाग,टुक्रा,अंशकाव्य साहित्यिक (व्यापक) कविता (सूक्ष्म अर्थमा) मुक्तक फुटकर काव्य, गीतिकाव्य रखण्डकाव्य कुनै एक विषयको अभिव्यक्ति दिने सर्ग भएको वा नभएको प्रबन्धात्मक लघुकाव्य काव्य नै खण्डकाव्य हो । (पोखरेल, २०४०, पृ. २८३) ।

**कविताको उपविद्याका रुपमा खण्डकाव्य**

कविताका विषयवस्तु र विषयीका बीचको सम्बन्ध प्रधान र अप्रधानका आधारमा कवितालाई वस्तुपरक र आत्मपरक गरी कवितामा प्रयोग हुने कथन पद्धतिमा प्रथम पुरुप प्रधान र द्वितीय पुरुष प्रधानका आधारमा अगाडि बढाउन सकिन्छ । लयविधानका दृष्टिले पनि कवितालाई बद्धलयात्मक र मुक्तलयात्मक तरिकाले वर्गीकृत रहेको छ । लयका हिसावले पनि कवितालाई छन्दोबद्ध र छन्दोमुक्तले छुट्याईएको पाइन्छ ।

**खण्डकाव्यको परिभाषा**

पूर्वीय साहित्य कै उपजका रुपमा खण्डकाव्य आएको र यसको चर्चा शतानन्द रुद्रट (आठौं शताब्दीको अन्त्य ) बाट सुरु भएको थाहा हुन्छ । उनले खण्डकाव्यकै नामाकरण नगरे तापनि काव्य (महाकाव्य) को सानो रुप भनेर खण्डकाव्यकैं चर्चा गरेका छन् । त्यस पछि आनन्दवर्धन र अभिनव गुप्तले प्रबन्ध काव्यको एक भेदलाई खण्डकाव्यको सङ्केत गरेका छन् । खण्डकाव्यलाई महाकाव्यकै एक अंश स्वरुप त्यसकै छायाँ क्षेत्रमा बढ्ने काव्य भन्ने लाग्छ । पूर्वीय साहित्य शास्त्रमा खण्डकाव्यको चर्चा हुन थालेको र समय सापेक्ष्न रुपमा खण्डकाव्यहरु पनि लेखिदै आएका छन् भन्ने कुरा अनुसन्धानबाट थाहा हुन्छ । संस्कृत साहित्यकारका अनुसार आधुनिक साहित्यशास्त्रहरुमा पनि खण्डकाव्यको चर्चा परिचर्चा हुदै आएको कुरा आधुनिक साहित्यहरुमा यही क्रममा देखापरेका केही काव्यशास्त्रीअरुका परिभाषा निम्न छन् :

**पण्डितराज सोमनाथ शर्माका अनुसार :**

खण्डकाव्यको काव्यको एक टुक्रा जस्तो छोटो कथानक हो जसलाई लिइएर श्रङ्खलित रुपमा बीचैबाट उठेर बीचैमा टुङ्गिएको सर्गबन्धन सन्धिहरु नभएको, छोटो काव्यलाई खण्डकाव्य भनिन्छ ।

**डा. केशवप्रसाद उपाध्यायका अनुसार :**

खण्डकाव्यमा जीवनको एक अंश विशेषको झलक प्रस्तुत गरिन्छ । यसमा एउटै सीमित कालखण्डमा वा अल्प अवधिमा घटित एउटै घटना, एउटै चरित्र र एउटै प्रभाव उपस्थित रहेको छ । एउटै रस र एउटै अभिवक्ति छन्दमा अपेक्षित ाछ । विविध घटना र विविध चरित्र भएका खण्डकाव्यलाई आदर्श खण्डकाव्य भन्न सकिदैन । कथानकको प्रभावलाई तिर्खान र मुख्य चरित्रको व्यक्तित्वलाई उर्घान आवश्यक भइरहन्छ ।

**डा. वासुदेव त्रिपाठीका अनुसार :**

खण्डकाव्य लगाएत उक्त कविताको रुपलाई कविता विधाको त्यस्तो मझौला आयाम वा उपविधागत भेद अँगाली वा नअँगाली जीवन जगत्को एक अंशलाई मात्र अन्वित पूर्वक बद्ध वा मुक्त भाषिक लय विधानका माध्यमबाट कथन गरी संरचित गरिन्छ ।

प्रा. गोविन्द्रप्रसाद भट्टराईका अनुसार :

काव्यको एउटा टुक्रा हो जसमा सर्ग आदि नभएको छोटकरिमा वर्णनात्मक काव्यलाई खण्डकाव्य भन्दछन् ।

**भानुभक्त पोखरेलका मत अनुसार :**

खण्डकाव्य एक रसात्मक द्रुतगामी सानो काव्य हो, जसमा कलात्मक वा पूर्वपर सम्बन्ध, एकान्विति हुन्छ ।

**डा. मोहोन हिमांशु थापाका अनुसार :**

खण्डकाव्यमा मानव जीवनको एक अंशको चित्रण गरिएको हुन्छ, यसमा एउटा तथयको उद्घाटन र यर्थाथको विश्लेषण गरिएको हुन्छ ।

भवानीशंकर कफल्लकका अनुसार :

आठभन्दा बढी सर्ग भएको काव्य खण्डकाव्य हो ।

**डा. नगेन्द्रका अनुसार** :

एकाङ्कीले जस्तै खण्डकाव्यले पनि जीवनका कुनै एक महत्वपूर्ण घटना वा पक्षलाई प्रसङ्गत रुपमा विश्लेषण गरेर आफ्नो सीमित आकारमा क्रमबद्ध रुपमा सम्पूर्ण चित्र प्रस्तुत गर्दछ ।

**बाबु गुलाफ रायका अनुसार :**

खण्डकाव्यमा कुनै एउटा घटनालाई मुख्य वा प्रधानता दिई एकादेशीय रुपमा वर्णन गरिएको हुन्छ । यसमा कथा वा एकाङ्गकीले जस्तै गरी घटनाहरुका सामग्रीहरु जुटाइएको हुन्छ ।

**धीरेन्द्र बर्मा र अन्यका अनुसार :**

अर्थ, धर्म, काम र मोक्षमध्ये कुनै एक भएको, महाकाव्यकै शैलीको क्रमबद्ध र पूर्ण कथानक संरचना भएको खण्डजीवन घटनामा आधारित रही एउटै छन्द र रसमा लेखिएको आठभन्दा कम सर्ग भएको लघुकाव्य नै खण्डकाव्य हो ।

**डा. राजवंश सहायका हीरनका मत अनुसार :**

काव्यको एउटा प्रकार हो जसमा जीवनको एक खण्डको चित्रण गरिन्छ । यो प्रबन्धकाव्यको विशेष रुप हो ।

**खण्डकाव्यका प्रमुख तत्वहरु :**

पूर्वीय आचार्यहरुले खण्डकाव्यलाई महाकाव्यकै एक अंशका रुपमा स्वीकार गर्दै महाकाव्यकै तत्वहरु प्रमुख हुने कुरालाई निर्विवाद रुपमा लिइएका छन् । तै पनि महाकाव्यलाई जीवनको सिङ्गो महा नदी भएको र खण्डकाव्य जीवनको एक धार वा खोलाका रुपमा लिइएको छ । महाकाव्य अनेक प्रसङ्ग, शाखा हुने गर्दछ भने खण्डकाव्य एक सरल स्रोत बनेर अगाडि बढेको हुन्छ । महाकाव्यलाई घटाएर खण्डकाव्य र खण्डकाव्यलाई बढाएर महाकाव्य बनाउन सकिन्छ । यि दुबैले आ–आफ्नै खालका वैशिष्ठहरु रहेका छन् । विश्वनाथले वस्तु, नेता, रस, उदेश्य र भाषाशैलीलाई प्रमुख मानेर पछाडिका विद्धानहरुले खण्डकाव्यका तत्व निर्धारण गरेका छन् । सोही अनुसार वासरदेव त्रिपाठीले कथन, भाषाशैली र लयलाई प्रमुख आधार मानि १. कथावस्तु २. पात्र ३. रस ४. देशकाल तथा वातावरण ५.कथन पद्धति ६. शिल्प संरचना कवितासँग समावेश भएका अन्य तत्वलाई समावेश गरेका छन् । टङकप्रसाद न्यौपानेका अनुसार १ कथावस्तु २ चरित्र ३ रस ४ शैली ५ देशकाल वा वातावरण ६ उद्देश्य वा जीवन दर्शन ७ प्रभावान्विति तथा निर्धारण गर्ने प्रभाव आदिलाई खण्डकाव्यका तत्व मानेका छन् । विभिन्न विद्धानहरुका आशयलाई बुझ्दा खण्डकाव्यका तत्वहरु निम्न रहेका छन् :

**(१) कथावस्तु**

कथावस्तुलाई खण्डकाव्यको आधार शिलाका रुपमा लिइन्छ । यस्तो कथा इतिहास, समाज, पुराण वा किंवदन्तीका आधारमा लिन सकिन्छ । कथावस्तु क्रमबद्ध हुनु पर्दछ नत्र भने यसको शृङ्खला बिग्रन जान्छ । कथावस्तुमा भाव र विचारलाई समावेश गरिएको हुन्छ । कथानकलाई गतिशील वा चलायमान बनाउने

काम चरित्रले गर्दछ । उपन्यासमा साना साना घटनाहरुद्वारा पनि कथावस्तु विस्तृत हुन्छ भने नाटकमा थोरै समय भएको हुनाले यसको कथावस्तु संक्षिप्त हुन्छ (न्यौपाने, २०३८, पृ. २६३)

यसमा कल्पनाको प्रवेश गरिसके पछि गतिशील भएर अगाडि बढदै लक्ष्यमा पुग्दछ । वाह्य रुपमा स्थूलरुप नभएर पनि अन्तर्कथा समावेश हुन आवश्यक छ ।

**(२) पात्र**

चरित्र पनि एक खण्डकाव्यका महत्वपूर्ण तत्व हो । कथालाई गतिशील रुपमा अगाडि बढाउने काम चरित्रले गर्दछ । कथा र चरित्रबीच एक आपसमा गहिरो सम्बन्ध रहेको हुन्छ । खण्डकाव्यका लागि आन्तरिक वाह्य दुबै चरित्रको आवश्यकता पर्दछ । कथावस्तुलाई ससक्त रुपमा अगाडि बढाउने तत्व नै पात्र हो (सिग्देल २०५८, पृ. ११४) चरित्रको चारित्रिक विशेषताका आधारमा खण्डकाव्यको मूल्याङ्कनगरिन्छ । चरित्रलाई मानवीय र मानवेतर गरी दुई भागमा विभाजन गरिन्छ । खण्डकाव्यमा धेरै पात्रहरुको प्रयागे गरिनु राम्रो मानिदैन । धेरै पात्रहरुको प्रयोग गर्दा खण्डकाव्यको लक्ष्यलाई निश्चित दिशामा लिन कठिन पर्न सक्दछ ।

**(३) रस**

काव्यको आत्माका रुपमा रसलाई लिइएको हुँदा खण्डकाव्यमा पनि रसको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । महाकाव्यमा जस्तो विविध रसको प्रयोग नगरिए तापनि कुनै न कुनै एक रसको अनिवार्य उपस्थित चाहिन्छ । आचाार्य शतानन्द रुद्रण्डले लधुकाव्यका लागि करुण वा विप्रलम्भ शृङ्गार रसको चर्चा गरे तापनि त्यसभन्दा पछिका आचार्यहरुले नौ वटै रसहरुमध्ये कुनै न कुनै रसको प्रयोग गर्न मिल्ने कुरा उल्लेख गरेका छन् ।

**(४) देश, काल तथा वातावरण :**

देश, काल तथा वातावरण पनि खण्डकाव्यको अतिआवश्यकीय तत्व हो देशले स्थान, कालले समय र वातावरणले परिवेश बेझाउने हुँदा कुन ठाउँलाई समावेश गरिएको छ । कथावस्तुमा चरित्रले कार्यव्यापार गर्ने र घटकहरु घटित हुने वस्तु जगत्लाई परिवेश भनिन्छ (शर्मा, २०५५, पृ. ३९९)

कुन समय हो र कुन परिस्थिति रहेको छ भन्ने कुरा जानकारी थाहाँ पाउँनका लागि देश, काल तथा वातावरणको खण्डकाव्यमा आवश्यकता पर्दछ । भेष–भूषा, रीतिरिवाज, शिक्षा, पेसा र संस्कृति आदि जस्ता कुराहरु समावेश भएका हुन्छन् । यसको सम्बन्ध कथावस्तु र पात्रको समान्वयात्मक विकासका लागि आवश्यक हुन्छ ।

**(५) उद्देश्य**

कुनै काम गर्नका लागि आफ्नो लक्ष्य निर्धारण गरिएको हुन्छ । त्यही निर्धारित लक्ष्यमा हिड्दै गन्तव्यमा पुग्नु नै त्यस कामको उद्देश्य हो । उद्देश्यमा वैचारिक जीवन दर्शनको खोजी भईरहेको हुन्छ । जीवन जगत्मा देखापरेको, खोजीएको अनुभवहरुको खोजी गर्नुमा यसको महत्व रहेको छ । लेखकले आना नितान्त व्यक्तिगत अनुभवहरुफ विश्वसनीयताकासाथ पाठक समक्ष प्रस्तुत गर्दै पाठक वर्गलाई नौलो अनुभव दिने काम गर्दछ । महाकाव्यमा भए जस्तो धेरै उद्देश्यहरु समावेश भएको हुदैन । जीवनको कुनै एक पक्षको खोजी गर्दै झरना जस्तै निरन्तर रुपमा अगाडि बढीरहन्छ । यसले धेरै विषयवस्तु, पात्र, समय लिइएर धेरै क्षेत्रफलमा फैलिने गर्दैन् ।

**(६) भाषाशैली**

साहित्यमा भाषिक अभिव्यक्ति प्रकट गर्नका लागि कुनै पनि प्रकारको भाषाको आवश्यकता पर्दछ । के कस्तो प्रकारको भाषामा कृति रचना गरिएको छ र त्यसलाई कुन तरिकाले परिचित गराइएको छ भन्ने कुरा भाषाशैलीले जानकारी दिने काम गर्दछ । कुनै पनि भाषालाई परिष्कार र परिमार्जित गरेर भाषाशैली प्रकट गरिन्छ । भाषिक शैलिका मुक्त र बद्ध शैली वर्णनात्मक, विवरणात्मक, हाँस्याव्याङ्गयात्मक, आत्मकथात्मक, सुत्रात्मक र व्याख्यात्मक शैलीहरु रहन्छन् । खण्डकाव्यमा सुत्रात्मक शैलीभन्दा व्याख्यात्मक शैली उपयोगी हुनु पर्दछ । सबैभन्दा उपयुक्त लेखकले पाठक वर्गका लागि छानेको शैली नै उपयोगी मानिन्छ । पदयोजना, गुण निर्वाह र अलङ्कार प्रयोगद्वारा शैलीले भावलाई सिङ्गार्छ (उपाध्याय, २०६७, पृ. २०६-२०७) कथा जस्तै एक बसाइमा पढेर सकिने आकर्षक, गतिशील, प्रभावमय खण्डकाव्य आवश्यक छ । शैलीले काव्यलाई रोचकता दिदै पाठक वर्गलाई आकर्षक गराउछ । रचनाकारका मनोभावनाका आधारमा भाषाशैली प्रयोग हुन्छ । खण्डकाव्य के कस्तो प्रकारको (ग्रामीण वा शहरिया) हो भन्ने कुरा निर्धारण गर्दछ ।

**(७) कथनपद्धति**

खण्डकाव्यकारले आफ्ना भावना र विचार जुन ढङ्गले अरूसमक्षप्रस्तुतगर्दछ, त्यस ढङ्ग वातरिकालाईकथनपद्धतिभनिन्छ ।त्यसैलेकथनपद्धतिप्रथमपुरुषर तृतीय पुरुष पद्धतिमा आधारित हुन्छ । कथनपद्धति खण्डकाव्यको महत्त्वपूर्ण तत्त्व हो । साहित्य सङ्कथनमा मुख्यतः वक्ता (लेखक) द्वारा मौन श्रोता (पाठक) प्रति संबोधित आत्मालापी अन्तर्गत वा आत्मकथन हो (त्रिपाठी, २०४८, पृ. २९८) ।

**(८) भावबा विचार**

खण्डकाव्य जीवनजगत सम्बन्धी जुन धारणा प्रस्तुत गरिएको छ त्यसलाई भाव वा विचार भनिन्छ । खण्डकाव्यलाई कुनै न कुनै भाव वा विचार प्रकट गर्नका लागि लेखिएको हुन्छ । खण्डकाव्यका कथावस्तु, पात्र, परिवेश लगायत सबै तत्त्वमा भाव वा विचार प्रकट गर्नका लागि संयोजन गरिएको हुन्छ । यस प्रकारको भाव र विचारले खण्डकाव्यलाई जीवन्त बनाउँछ । अतः भाव वा विचार खण्डकाव्यको महत्त्वपूर्ण तत्त्व हो । भाव काव्यको प्राण तत्व हो । उत्तम काव्य बन्नको लागि उत्तम भाव आवश्यक पर्दछ (उपाध्यक्ष, २०४४, पृ. २०६) ।

**(९) लय**

कवितामा जुन गेयतत्त्व हुन्छ, त्यसलाई लय भनिन्छ । कविताका विभिन्न छन्दहरू लय हुन् । साहित्यका अन्य विधाहरूबाट छुट्याउने प्रमुख तत्त्व लय हो । कवितालाई श्रुतिमाधुर एवम् साङ्गीतिक बनाउने काम लयले गर्दछ । लय विधामा वर्ण र अक्षर वितरणको क्रम हुन्छ । गति यति वर्णन पुनरोक्तिले लयात्मक बनाउँछ । कविता विधाको एक उपविधाका रूपमा रहेको हुँदा बद्ध र मुक्तलय आवश्यक तत्त्व हो । छन्दबद्ध रचनामा चार पङ्क्तिबाट एउटा श्लोक बन्छ भने श्लोक-श्लोकबाट सर्ग बन्दछ तिनै सर्गहरूबाट नै खण्डकाव्यको निर्माण हुन्छ । त्यसैगरी बद्ध र मुक्त लय गरी दुई भागमा बाँडिन्छ । लयमा लेखिएका खण्डकाव्यमा पङ्क्तिगुच्छहरू मिलेर सर्ग बन्दछ र सर्ग सर्ग मिलेर खण्डकाव्य बन्दछ । लयलाई गति र चालको हिसाबले सजिलोसित बुझ्न सकिन्छ । समयको कुनै भागको समान चाललाई लय भनिन्छ । एक मात्राबाट अर्को मात्रासम्म पुग्न जुन बराबर समय लाग्दछ त्यसलाई लय भनिन्छ (बराल तथा अन्य, २०४४, पृ. १०५) ।

यसरी खण्डकाव्यका प्रमुख तत्वहरु निर्धारण गरिएको हुन्छ । यिनै खण्डकाव्यका प्रमुख तत्वहरुले नै खण्डकाव्यलाई के कस्तो तरिकाले अगाडि बढाउने भन्ने क्रा निर्धारण गर्दछ । यिनै प्रमुख तत्वहरुलाई एक आपसमा जोडदा खण्डकाव्य निर्धारण हुन्छ ।

**खण्डकाव्य सिद्धान्त**

समग्रमा खण्डकाव्य फुटकर कविता भन्दा ठूलो र महाकाव्यभन्दा सानो कवितात्मकरूप हो,जसमा जीवन जगतको एक पक्षको चित्रण गरिएको हुन्छ । खण्डकाव्यका बारेमा पूर्वीय साहित्य क्षेत्रमा र पाश्चात्य साहित्य क्षेत्रमा खासै चर्चा गरिएको पाइँदैन । नेपाली साहित्यमा पनि खण्डकाव्यको अन्य विधाका तुलनामा त्यति चर्चा गरिएको पाइँदैन । संस्कृतसाहित्य परम्परामा काव्यको सैद्धान्तिक चर्चाको मूल आधारग्रन्थ भरतको नाट्यशास्त्र हो । यस नाटयशास्त्रमा नाटकका सम्बन्धमा चर्चा गरिएको छ तर खण्डकाव्यको कुनै चर्चा गरिएको छैन । यसबारे रुद्रट र विश्वनाथले सामान्य उल्लेख गरेका छन् । संस्कृत काव्यशास्त्रमा काव्यको सैद्धान्तिक चर्चा गर्दै रूद्रटको प्रबन्धकाव्यसम्बन्धी विशेष चर्चा गरेको देखिन्छ । उनले आफ्नो लक्षणाग्रन्थ काव्यालाङ्कारमा प्रबन्धकाव्यलाई काव्य र आख्यान गरी दुई भागमा बाँडेका छन् । काव्यका भेदमा पनि उत्पाद्य र अनुत्पाद्य भेदका दृष्टिले पनि बृहत् र लघुभेद गरी दुई भागमा उल्लेख गरेका छन् । लघु काव्यलाई दृष्टिगत गरी खण्डकाव्यको चर्चा गरिएको देखिन्छ । खण्डकाव्यको विश्लेषण अनुसार प्रबन्ध काव्यको महान् भेद महाकाव्य र लघुभेद खण्डकाव्य हो । रस, विषयवस्तु, आयाम आदिका दृष्टिले खण्डकाव्य र महाकाव्यमा भिन्नता देखिन्छ । रुद्रटले देखाएको प्रबन्धकाव्यका भेदमध्ये लघु भेद खण्डकाव्य हो । खण्डकाव्यमा कुनै एउटा घटनालाई प्राथमिकता दिइएर एकादेशीय आधारमा वर्णन गरिएको हुन्छ । यसमा कथा एकाङ्कीमा जस्तैं घटनाहरुका लागि सामग्री जुटाइएका हुन्छन् (राय, ई १९६४, पृ. ८०) । खण्डकाव्य महाकव्यको एक देशानुसारी हुन्छ । हामी खण्डकाव्यलाई महाकाव्यको एक अंशका रुपमा र त्यसको छाया क्षेत्रमा बढने गर्दछ । तर यो परिभाषाभन्दा पहिले रुद्रले आफ्नो परिभाषामा काव्य सुखान्त हुनु पर्ने, त्यसको नायक ब्राह्मण सेवक, व्यापारी पनि हुन सक्ने, करुण वा बिप्रलम्भ श्रृङगार रस हुने बीचमा दु:ख पाए पनि अन्त्यमा नायकको प्रगति भएको हुनु पर्ने भन्ने कुरा उल्लेख गरिएको छ (राजबंश, सन् १९७३, पृ.:४६५) । खण्डकाव्यमा जीवनको एक अंशको विशेष झलक प्रस्तुत गरिन्छ । यसमा एउटै कालखण्ड, अल्प समयमा घटित घटना, एउटै प्रभाव उपस्थित हुने गर्दछ । यसमा एउटै छन्द, एउटै रस रहेको हुन्छ । धेरै घटना र घेरै चरित्रहरुसमावेश गरेर लेखिएका खण्डकाव्यलाई आदर्श खण्डकाव्य मान्न सकिदैन । घटनाको विविधता र चरित्रको अनेकता त्यहाँ क्षम्य हुन सक्छ, जहाँ मूल कथानकको प्रभावलाई तिर्खान र मुख्य चरित्रको व्यक्तिलाई उघार्न आवश्यक देखिन्छ (उपाध्याय, २०३०, पृ. १५३) ।१० श्लोकदेखि ९९ श्लोकसम्मको प्रबन्ध काव्यलाई लधुकाव्य, १०० श्लोकमाथिकोलाई खण्डकाव्य, एक हजार माथिको श्लोकको काव्यलाई बृहत्काव्य (ललितकाव्य), दशहजार श्लोकदेखि माथिको काव्यलाई बृहत्तर महाकाव्य ( विकसित महाकाव्य वा आर्ष) र एक लाखभन्दा माथिको श्लोक भएको काव्य बृहत्तम् (आर्ष) महाकाव्य हो ( त्रिपाठी, २०५३) । काव्यलाई मुख्यतया:श्रव्यकाव्य र दृष्यकाव्य गरी दुई भागमा विभाजन गरिएको छ । श्रव्यकाव्य अन्तर्गत कोशकाव्य र गद्यकाव्य उल्लेख छ भने खण्डकाव्य एक पक्षको उद्घाटन गर्ने खालको हुन्छ (विश्वनाथ, सन् १९७७, पृ.:२२४-२२७) । खण्डकाव्य भनेको काव्यलक्षणहरू पूरा भएको सानो प्रबन्धात्मक लघुकाव्य हो (शर्म्मा, २०६२, पृ. ३३१) । कथाबाट एक अंश लिएर लेखिएको एउटा सानो भाग

नै काव्य हो (प्रधान, २०६९, पृ. १२७) ।खण्डकाव्य भन्नाले त्यस्तो प्रबन्धात्मक काव्य हो जसमा एकान्विति हुन्छ । सर्गबद्ध हुन पनि सक्छ र नहुन पनि सक्छ । पञ्चसन्धि नै आवश्यक छैन तर आफैंमा पूर्ण हुनुपर्दछ भन्ने देखिन्छ (आचार्य, २०७१, पृ. ३) ।जीवनजगतको एकदेशीय रूपको वर्णन गर्ने, चारमध्ये कुनै एक पुरुषार्थविशेषको सन्देश दिने, पञ्चसन्धिविहीन र प्राय : एकरसात्मक र एक छन्दमा रचित लघुप्रबन्धात्मक पद्यरचना खण्डकाव्य हो । नेपाली खण्डकाव्यका सन्दर्भअनुसार पद्य वा गद्यमा रचित त्यस्ता लघुप्रबन्धात्मक कवितात्मक कृति हो, जसमा घटना, व्यक्तित्व, स्थान, दृश्य, भाव आदिलाई केन्द्र बनाई अनुभूति प्रवाह बनाइएको हुन्छ । खण्डकाव्य मझौला आकारको हुने भए तापनि यसको कुनै निश्चित आकार प्रकार हुँदैन ( उपाध्याय, २०४४, पृ. १२) । कहानी वा एकाङ्कीले जस्तै खण्डकाव्यले पनि जीवनको कुनै एक महत्त्वपूर्ण घटना वा प्रसङ्ग विशेषलाई आफ्नो सीमित आकारमा सङ्क्षिप्त रूपले चित्र प्रस्तुत गर्दछ (नगेन्द्र, सन् १९७१, पृ. ३१३) । खण्डकाव्यमा मानवजीवनको एक पक्षको चित्रण हुन्छ, एउटा तथ्यको उद्घाट हुन्छ र एउटा यथार्थको विश्लेषण हुन्छ (थापा, २०४२, पृ. ५२) ।खण्डकाव्यलगायत कविताकारूपलाई त्यस्तो मझौला आयामको उपभेद भन्न सकिन्छ, जसले कुनै आख्यानलाई अँगाली नअँगाली जीवनजगतको एक अंश वा भागलाई अन्वितिपूर्वक बद्ध वा मुक्त भाषिक लयविधानका माध्यमबाट कथन गरी संरचित गरिन्छ (त्रिपाठी, २०५४, पृ. ५६-५७) । कविता भन्नु भावको सङ्क्षिप्त र सङ्गीतमय अभिव्यक्ति हो । यसमा गद्यले दुई सय पडति भन्न नसकिने चरणमा मान्न सकिन्छ । यसका निम्ति कथाको रचना गरियो । यसैबाट कथाको उत्पत्ति भयो, लघुकाव्य बने, त्यही गाथाचक्रबाट महागाथा विकसित भए र महाकाव्य बने । यही बन्धनले गर्दा तिनलाई प्रबन्धकाव्य भनियो । यसबाट कवितालाई अर्को लाभ पनि भयो । कथाले विभिन्न सन्दर्भ दिए र ती सन्दर्भले कविताका भावलाई नयाँ नयाँ अभिव्यक्ति दिए । प्रत्येक कवि शब्द वा शब्दावलीले नयाँ अर्थ दिन्छ । कविताको विस्तृत रूप नै काव्य हो । यहाँ एक भावले अरू भावलाई प्रेरित गर्छ र अनेक भाव प्रवाहरूमा बग्न थाल्दछ । यहाँ निर्झर, नदीले खोलालाई बोलाउँछ लघुकाव्य बन्दछ । खोलाले नदीलाई बोलाउँछ, ललित महाकाव्य बन्दछ । नदीले सागरलाई बोलाउँछ बृहतदार महाकाव्य बन्दछ । कविता, काव्य र महाकाव्यको आनन्द सहृदयका भावको आस्वादन हो (घिमिरे, २०३९, पृ. ७) । काव्यको एउटा टुक्राजस्तो कथनलाई लिएर लेखिएको सर्ग नभएको छोटकरी रूपमा वर्णन गरिएको काव्यलाई खण्डकाव्य भन्दछन (भट्टराई, २०३१, पृ. ३५०) । कविताहरूमा पूर्वापर सम्बन्ध एकान्वित अथवा कलात्मक भए तापनि खण्डकाव्य एक रसात्मक द्रुतगामी सानो काव्यकृति हो (पोखरेल, २०४०, पृ. १३४) । कविता साहित्यको मझौला उपविधालाई खण्डकाव्य भनिन्छ; जसमा जीवनको कुनै एक महत्त्वपूर्ण खण्डको क्रमबद्ध प्रस्तुति गरिएको हुन्छ । उद्देश्य प्राप्तिका लागि कुनै एक सन्दर्भको हुन्छ । एकै रस, लय आदिमा व्यक्त गरिएको द्रुतगामी, संवेगमय रचना बोकेर आएको हुन्छ (न्यौपाने, २०५४, पृ.४८) । खण्डकाव्यको आकार मझौलावा मध्यम खालको हुन्छ । यसैगरी वस्तुगत वा भावगत सिद्धान्तका दृष्टिले पनि खण्डकाव्यमा मुक्तक र फुटकर कविताका तुलनामा अपेक्षाकृत विस्तृत विषय र भाव रूपायित भएको हुन्छ । मुक्तक र फुटकर कविताका तुलनामा खण्डकाव्यमा विस्तृत विषय वा भावलाई व्यक्त गर्दछ । भावलाई सुव्यवस्थित ढङ्गले व्यक्त गर्ने संरचनाकौशल खण्डकाव्यमा हुन्छ । भाव विराटमा जीवन समग्रतालाई व्यक्त गर्ने महाकाव्यको सर्गबद्धता र पञ्चसन्धि आयामिक संरचना खण्डकाव्यमा पाइँदैन । खण्डकाव्यको संरचना विधान मुक्तक र फुटकर कविताका तुलनामा बढी विस्तारित र लचिलो हुने गर्दछ । (अवस्थी,

२०६५, पृ. ८४) । काव्यको एक टुक्रा जस्तो छोटो कथानक लिएर शृङ्खलित रूपमा बीचैबाट उठेर बीचैमा टुङ्गिएको सर्गवन्धन, सन्धिवन्धनहरू नभएको छोटो काव्यलाई खण्डकाव्य भनिन्छ (शर्म्मा, २०५८, पृ. ९२) । खण्डकाव्यमा जीवनको आधा चित्रण गरिएको हुन्छ । फुटकर कविता भन्दा ठूलो महाकाव्यभन्दा सानो पञ्चसन्धिविहिन रसात्मक एक तथ्यको उद्घाटन हुने लयविधान्ले मुक्त वा युक्त कविताको मझौला रूप नै खण्डकाव्य हो ।

**निष्कर्ष**

खण्डकाव्य नेपाली काव्य परम्पराको एउटा सशक्त विधा हो । सैद्धान्तिक रुपमा यसले एकात्मकता, नाटकीय आदर्श, काव्यगत सौन्दर्यशीलता र सामाजिक सन्देशलाई प्रमुख बनाउँछ । स्वरुपगत रुपमा यसमा सुगठित भाषा, सीमित पात्र छन्द, ताल र स्पष्ट कथात्मक संरचना हुन्छ । आधुनिक नेपाली साहित्यमा खण्डकाव्यले सांस्कृतिक, ऐतिहासिक र मानवीय मूल्य कलात्मक ढङ्गले अभिव्यक्ति दिइएको छ । कविताभन्दा ठुलो र महाकाव्यभन्दा सानो कविताको मझौला रुपलाई खण्डकाव्य भनिन्छ, । खण्डकाव्यको अन्य विधाका तुलनामा नेपाली साहित्यका क्षेत्रमा त्यति चर्चा गरिएको पाइदैन । खण्डकाव्मा जीवनको एक पक्षको चित्रण गरिएको हुन्छ । यसमा सीमित पात्र र घटना समावेश गरिए तापनि कलात्मक रुपमा पूर्ण हुन्छ । यो एउटा प्रसङ्ग वा घटनामा आधारित हुन्छ । यो महाकाव्यभन्दा छोटो साधारण कविताभन्दा विस्तृत, सीमित घटना, पात्र र भावलाई केन्द्रमा राखी लयात्मक रुपमा रचना गरिएको हुन्छ । लयात्मक तत्वले गर्दा खण्डकाव्य वा कविता अन्य विद्याभन्दा फरक रहेको छ । खण्डकाव्यलाई कविता विधाको मझौला विधाका रूपमा लिइन्छ । यो महाकाव्यको एउटा अंश वा खण्ड हो । कथावस्तु, पात्र, परिवेश, लय, कथनपद्धति, भाव र विचार, उदेश्य, रस र भाषाशैली खण्डकाव्यका प्रमुख तत्त्वहरू हुन् । विषयवस्तु, लय, रस, कथानक र शैलीका आधारमा खण्डकाव्यको वर्गीकरण गरिएको छ । कुनै सिङ्गो वस्तुको भाग, अंश, टुक्रा काव्य साहित्यमा व्यापक कविता र सूक्ष्म अर्थमा फुटकर कविताका रुपमा लिइन्छ । खण्डकाव्यलाई नेपाली साहित्यको महत्वपूर्ण विधाकै रुपमा लिने गरिन्छ । यसरी यस अनुसन्धानात्मक लेखमा खण्डकाव्यको सैद्धान्तिक स्वरुपलाई व्याख्या र विश्लेषण गरिएको छ ।

## सन्दर्भ सामग्री सूची


उपाध्याय, केशवप्रसाद (२०४४). *साहित्य प्रकाश,* चौथो संस्क., ललितपुर : साझा प्रकाशन ।

________ (२०६७) *पूर्वीय सीहित्य सिद्धान्त,* पाँचौं संस्क.ललितपुर : साझा प्रकाशन ।

अवस्थी,महादेव (२०५६). *लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता,* काठमाडौं : एकता बुक्स ।

आचार्य, कृष्णप्रसाद (२०७१). *आधुनिक खण्डकाव्य र महाकाव्य,* काठमाडौँ : क्षितिज प्रकाशन ।

घिमिरे, माधवप्रसाद (सम्पा.). (२०३९). *पच्चीस वर्षका नेपाली खण्डकाव्य,* काठमाडौँ: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

त्रिपाठी, तथा अन्य (सम्पा.) (२०४८). *नेपाली कविता,* भाग २, ललितपुर : साझा प्रकाशन ।

_____ (२०५४) *नेपाली कविता,*भाग ४, तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

थापा, हिमांशु (२०४२). *साहित्य परिचय,*दोस्रोसंस्क.,ललितपुर:साझाप्रकाशन ।

नगेन्द्र (सन् १९०७) *भारतीय काव्यशास्त्र की परम्परा,* दिल्ली : नेशनल पब्लिसिङ हाउस ।

न्यौपाने, टंकप्रसाद (२०३८). *साहित्यको रूपरेखा,* ललितपुर : साझा प्रकाशन ।

पोखरेल, भानुभक्त (२०३९). *माधव घिमिरेका विशिष्ट खण्डकाव्य,* विराटनगर : श्यामपुस्तक भण्डार ।

_____ (२०४०) *सिद्धान्त र साहित्य,* विराटनगर : श्यामपुस्तक भण्डार ।

न्यौपाने, यज्ञराज (२०५४). "खण्डकाव्यको सैद्धान्तिक परिचय", *वाङ्मय,* १५ (८), पृ.४८ ।

प्रधान, बालकृष्ण (२०६९). *रत्न नेपाली शब्दकोश,* काठमाडौँ : रत्नपुस्तक भण्डार ।

बराल, ईश्वर तथा अन्य (सम्पा.). (२०४४). *नेपाली साहित्यकोश,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

विश्वनाथ(सन् १९७७) *साहित्यदर्पण,* नवौ संस्क. व्याख्याकार शाली ग्राम शास्त्री, वाराणसी : मोतिलाल वनारसीदास ।

भट्टराई, गोविन्दप्रसाद (२०३१). *पूर्वीय काव्य सिद्धान्त,* काठमाडौँ : नेपाल राजकीयप्रज्ञा प्रतिष्ठान ।

भट्टराई, रामप्रसाद (२०६८). *नेपाली कविता र काव्य,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा. लि. ।

राजवंश सहायक'हीरा'(सन् १९७३). *भारतीय साहित्य शास्त्र कोश,* बिहार : हिन्दीग्रन्थ अकादमी पाटना ।

राय, बाबुगुलाब (ई १९६४). *काव्यको रुप ,* पाँचौ सस्करण, दिल्ली, आत्मराम एन्ड सन्स ।

रुद्रट. (सन् १९६५) *काव्यालङ्कार* (श्री रामदेव शुक्ल, अनु.), दिल्ली : बसुदेव प्रकाशन

शर्मा, मोहनराज (२०५५). *समकालीन समालोचना, सिद्धान्त र प्रयोग,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्म्मा, वसन्तकुमार (२०६२). *नेपाली शब्दसागर,* दोस्रो संस्क., ललितपुर : साझा पुस्तक भण्डार ।

सिग्देल, सोमनाथ (२०५८). *साहित्य प्रदीप,* तेस्रो संस्क., काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार ।